प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय
कोशी प्रदेश, म्याङलुङ, तेह्रथुम

☎ ०२६-४६०४०८
फ्याक्स ०२६-४६०१३१

पत्र संख्याः- २०८१।०८२
चलानी नं.:-

## डिभिजन वन कार्यालय, तेह्रथुमको प्रस्ताव पेश गर्ने सूचना

**(दोस्रो पटक प्रकाशित सूचना २०८१/१२/०५)**

यस डिभिजन वन कार्यालय, तेह्रथुमको चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेखित कार्यक्रम तथा क्रियाकलापहरु कार्यान्वयन गर्नको लागि तपसिल बमोजिमको बजेटको व्यवस्था भएको हुँदा यस जिल्ला भित्रका ईच्छुक र योग्य साझेदारहरुले संचालन गर्न चाहेको क्रियाकलाप, उद्देश्यहरु, स्थान, कार्यक्रम संचालन प्रकृया, कार्य सम्पन्न गर्न सकिने समय सीमा, साझेदारको लगानी तथा हिस्सा, प्रस्तावित लागत अनुमान तथा डिजाईन, कार्यक्रम संचालनबाट हुन सक्ने अपेक्षित प्रतिफल, कार्यक्रमको दिगोपन, रोजगारी श्रृजना आदि विषय समावेश गरी सोको प्रस्ताव (Proposal) तयार गरी तपसिलमा उल्लेखित कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तोकिएको ढाँचामा प्रस्ताव सहित निवेदन पेश गर्न हुन अनुरोध छ । म्याद भित्र पेश हुन आएका प्रस्तावहरुलाई मात्र तोकिएको मूल्याङ्कन समितिबाट प्रस्ताव मूल्याङ्कन, प्रविधिक परिक्षण तथा स्थलगत निरिक्षणका आधारमा सबैभन्दा बढी अंक प्राप्त गर्ने सारभुत रुपमा प्रभावग्राही प्रस्तावदाताहरुसँग मात्र कार्यक्रम संचालन सम्झौता गरिने व्यहोरा सबैमा अनुरोध गरिन्छ ।

**तपसिल**

| सि.नं. | कार्यक्रमको नाम | क्रियाकलाप/संचालन हुने कार्यक्रमको नाम | परिमाण | बजेट (लाख) | कैफियत |
|---|---|---|---|---|---|
| १ | जडिबुटी विकास कार्यक्रम | जडीबुटी तथा गैहकाष्ठ वन पैदावार प्रसोधनका लागि सामाग्री खरिद र व्यवस्थापन | १ प्याकेज | १० | • सा.व.उ.स.हरुले चिराईतो मजिटो र टिमुर कमप्रेसन तथा प्रसोधन मेसिन जस्ता आवश्यक सामाग्री खरिद गरि हस्तान्तरण गर्ने माग गर्ने |
| २. | प्रदेश वन विकास तथा व्यवस्थापन कार्यक्रम | युवा उद्यम विकास कार्यक्रम (वन पैदावारमा आधारित) | १ | ५ | • वन पैदावारसंग सम्बन्धीत शिप विकास तालिम लिन ईच्छुक १० जनाको समूहमा प्रस्ताव पेश गर्ने<br>• वन पैदावारमा आधारीत उद्यम विकास गर्न ईच्छुकलाई उद्यम विकासमा सहयोग |

पेश गर्नु पर्ने कागजातहरु

१) प्रस्ताव
२) प्रस्तावकको निवेदन/पत्र
३) निजि फर्म/कम्पनी/ संघसंस्थाको हकमा सोको दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर र आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाण पत्र
४) वन उपभोक्ता समूहको हकमा कार्यसमितिको निर्णय
५) स्थानीय तहको सिफारिस पत्र
६) सम्बन्धित सव-डिभिजन वन कार्यालयको सिफारिस पत्र
७) समूह/संस्थाको हकमा आ.व. २०८०/०८१ को लेखा परिक्षण प्रतिवेदन र वार्षिक प्रतिवेदन
८) समान प्रकृतिका अनुदान नलिएको स्वघौषणा पत्र
९) दोहोरो सुविधा लिन नपाउने: अनुदानग्राहीले एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्नेछैन । एकै प्रकृतिका कामका लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गरेको देखिएमा २ वर्ष सम्म उही प्रकृतिका र अन्य अनुदान समेत प्रदान गरिने छैन ।

द्रष्टव्यः विस्तृत जानकारीको लागि यस कार्यालयको फोन नं. ०२६-४६०४०८ तथा योजना शाखाको मोबाईल नं. ९८६२६८४२९८ मा सम्पर्क राख्न हुन वा तल दिईएको यस कार्यालयको QR Code स्क्यान गरि थप जानकारी लिन सकिने छ।

**प्रस्ताव पेश गर्ने समय सीमाः**
२०८१ चैत्र ११ गते कार्यालय समय भित्र